नेपाल सरकार

# शिक्षा तथा खेलकुद मन्त्रालय

## वैदेशिक अध्ययन अनुमती शाखा

पत्र संख्या:- ८३/८४
चलानी नं.:- ३६

सिंहदरबार,
काठमाडौं, नेपाल

नेपाल सरकार शिक्षा तथा खेलकुद मन्त्रालय सिंहदरबार, काठमाडौं, नेपाल

विषय: (NOC) सेवा प्रवाह र शैक्षिक परामर्श संस्थाहरू (Consultancy) का सम्बन्धमा अत्यन्त जरुरी सूचना

प्रकाशित मिति: २०८३/०५/०३

यस शिक्षा तथा खेलकुद मन्त्रालय अन्तर्गतको वैदेशिक अध्ययन अनुमति पत्र No Objections Certificate (NOC) शाखाबाट NOC लागि आवेदन गर्ने प्रक्रियालाई पूर्णतः अनलाइन तथा डिजिटल माध्यमबाट सरल र सहज बनाइएको व्यहोरा सबैमा सर्वविदितै छ। साथै NOC प्राप्त गर्ने प्रक्रियालाई पनि पूर्णतः अनलाइन तथा डिजिटल माध्यमबाट बनाउन मन्त्रालय तथा NOC शाखा निरन्तर प्रयत्नशील छ।

NOC आवेदन गर्ने तथा प्राप्त गर्ने प्रक्रियाका सन्दर्भमा हालैका दिनहरूमा केही शैक्षिक परामर्श (Consultancy) संस्थाहरूले NOC प्राप्त गर्न अनिवार्य रूपमा सबै सेवाग्राही आफैं कार्यालयमै उपस्थित हुनुपर्ने वा आवेदन प्रक्रियाको गलत सूचना तथा जानकारी प्रवाह गरी सेवाग्राहीहरूलाई अनावश्यक रूपमा कार्यालय पठाउने गरेको र यसबाट भ्रम तथा अनियमिता बढेको भनी विद्यार्थी, अभिभावक तथा सरोकरावालाहरूबाट गुनासो तथा उजुरी प्राप्त भएकोमा यस मन्त्रालय तथा NOC शाखाको गम्भीर ध्यानाकर्षण भएको छ।

अतः सम्पूर्ण सेवाग्राही, शैक्षिक परामर्श व्यवसायी तथा सरोकारवालाहरूले तपसिलमा उल्लेख भए बमोजिम गर्नु गराउन हुन अनुरोध छ।

१. पूर्ण डिजिटल सेवा: NOC सम्बन्धी सम्पूर्ण आवेदन प्रक्रिया अनलाइन (Digital) माध्यमबाट मात्र हुने गर्दछ। यसका लागि सेवाग्राही भौतिक रूपमा कार्यालयमा उपस्थित हुन आवश्यक छैन तर आवेदन पश्चातको NOC प्राप्त गर्ने प्रक्रिया अनलाईन तथा भौतिक दुवै माध्यमबाट हुने गरेको छ जुन कुराको जानकारी तथा अनलाईन भौतिक के हुने भन्ने कुरा आवेदन गर्दा भरेको नागरिकता र शैक्षिक योग्यताको सम्पूर्ण बिवरण Central Informations Management System मा एक आपसमा मेल खाएको आधारमा जन्ममिति(DOB)Verified हुने विद्यार्थीहरूले मात्र भौतिक उपस्थिति बिना NOC लिन सक्ने त्यस बाहेक अरुले भौतिक उपस्थित हुनुपर्ने जानकारी विद्यार्थीको NOC पोर्टलमा नै हुने र यस कुराको स्पष्ट जानकारी शैक्षिक परामर्श संस्थाहरूले विद्यार्थीहरुलाई दिनु पर्ने।

२. भ्रामक विज्ञापन र प्रचारमा रोक: कुनै पनि शैक्षिक परामर्श संस्थाले NOC का नाममा गलत सूचना प्रवाह गर्ने, सेवाग्राहीलाई भ्रममा पार्ने वा अनावश्यक भौतिक रूपमा कार्यालय पठाउने जस्ता गैरकानूनी र भ्रामक अभ्यास तत्काल रोक्न सचेत गराइन्छ।

३. कडा निगरानी र कारबाही: गलत सूचना फैलाएर अनुचित लाभ लिन खोज्ने वा अनियमितता गर्ने संस्थाहरूमाथि कडा नियामक अनुगमन र कानूनी कारबाही अगाडि बढाइनेछ।

**नोट :- NOC सम्बन्धी आधिकारिक जानकारीका लागि यस मन्त्रालय/कार्यालयको आधिकारिक वेबसाइट https://noc.moest.gov.np/तथा NOCपोर्टलमाराखिएको User Manual https://nocbackend.moest.gov.np/user-manual/Noc हेर्न हुन तथा सम्पर्क नम्बर - ०१-६६३५४१९ ईमेल ठेगाना - noc@moest.gov.np मा सम्पर्क गर्नु हुन अनुरोध छ।**

(उद्धव प्रसाद श्रेष्ठ)

उपसचिव